# आ.व. २०७३/७४ को बजेट तथा कार्यक्रम तयार गर्ने सम्वन्धी स्थानीय निकायहरुलाई मार्गदर्शन

हालै मात्र नेपालको संविधान २०७२ लागू भई नेपाल संघीय लोकतान्त्रिक गणतन्त्रात्मक अवस्थामा प्रवेश गरिसकेको छ। तर स्थानीय निकायहरूको पुनर्संरचना भइनसकेको अवस्थामा स्थानीय स्वायत्त शासन ऐन,२०५५ को दफा १९५ बमोजिम आगामी आ.व. २०७३/७४ को लागि जिल्लास्तरीय बजेट र कार्यक्रम तर्जुमा गर्ने सन्दर्भमा साविकमा जस्तै आयोगबाट बजेट सीमा सहित यो मार्गदर्शन तर्जुमा गरिएको छ । मार्गदर्शनमा उल्लेखित विषयहरूलाई मध्यनजर गर्दै वार्षिक कार्यक्रम तर्जुमा गरी स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा १८५ अनुसार फाल्गुण मसान्तभित्रै जिल्ला परिषद्को बैठक सम्पन्न गरी परिषद्बाट पारित वार्षिक विकास कार्यक्रमलाई चालु आ.व.को चैत्र १० गते भित्र यस आयोग र सम्बन्धित मन्त्रालयमा पुग्ने गरी पठाउन समेत अनुरोध गरिएको छ ।

## क. समष्टिगत मार्गदर्शनः

१. जिल्लास्तरीय वार्षिक विकास कार्यक्रम तर्जुमा गर्दा हालै मात्र संयुक्त राष्ट्र संघले पारित गरेका दिगो विकासका लक्ष्यहरू (SDGs) को अवधारणा तथा भू-कम्पपछिको पूनःनिर्माणको आवश्यकतालाई प्राथमिकता दिने ।

२. विपद् पछिको आवश्यकता आँकलन (Post Disaster Needs Assessment - PDNA) प्रतिवेदनले उल्लेख गरे अनुसार विनासकारी भू-कम्पबाट अति प्रभावित १४ जिल्ला तथा आंशिक प्रभावित १७ जिल्लामा हुने पुनर्निर्माण र पुनर्स्थापना कार्यक्रमलाई उच्च प्राथमिकता दिने ।

३. जिल्ला विकास समितिले स्थानीय निकायहरु, क्षेत्रगत सरकारी कार्यालयहरु, जिल्लामा क्रियाशील गैरसरकारी संघ संस्थाहरु, दातृ निकायका स्थानीय एकाईहरु, नागरिक समाज एबम् निजी क्षेत्रबाट लगानी हुने साधन स्रोतको एकीकृत विवरण तयार गरी सबै साझेदार र सरोकारवालाहरुसँग अन्तर्क्रिया र समन्वय गरी वार्षिक विकास योजना तर्जुमा गर्ने कार्यको अगुवाई गर्ने ।

४. जिल्ला विकास समिति र जिल्लास्थित क्षेत्रगत कार्यालयका सम्पूर्ण कार्यक्रमहरुलाई समेटी स्थानीय स्वायत्त शासन ऐन, २०५५ तथा नियमावली, २०५६ लाई समेत आधार मानी एकीकृत रुपमा वार्षिक विकास योजना तर्जुमा गर्ने । यस कार्यमा क्षेत्रगत निकायहरुले आवश्यक प्राविधिक सहयोग जिल्ला विकास समितिलाई उपलब्ध गराउने ।

५. वैदेशिक सहयोगमा संचालित आयोजनाहरुको हकमा नेपाल सरकारको विकास सहायता नीति २०७१, तथा दातृ निकायसँग भएको सम्झौता अनुरुप हुने गरी कार्यान्वयन गर्ने व्यवस्था मिलाउने ।

६. नेपाल पक्ष भएका महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति र आदिवासी / जनजातिसँग सम्बन्धित अन्तर्राष्ट्रिय सन्धी सम्झौतामा उल्लेख भएका विषयमा राष्ट्रिय दायित्व पूरा गर्ने सहयोग पुग्ने खालका कार्यक्रमलाई प्राथमिकताका साथ समावेश गर्ने ।

७. स्थानीय तहमा सञ्चालन हुने विकास कार्यक्रममा विभिन्न किसिमका विपदबाट हुनसक्ने क्षति कम गर्ने उपाय अवलम्वन गरी नयाँ विकास निर्माणले जोखिम थप हुने अवस्था सिर्जना गर्न नहुने ।

८. जिल्लाको आवधिक योजना, क्षेत्रगत गुरुयोजना वा रणनीतिक योजना (जस्तै कृषि, उद्योग, पर्यटन, सडक, विपद्, जलवायु, वातावरण आदि) तयार भइसकेको भए ती योजनाहरुलाई समेत आधार मानेर वार्षिक विकास कार्यक्रम तर्जुमा गर्ने ।

९. चालु खर्च सकेसम्म न्यून गर्ने । राजनैतिक प्रकृतिका आयोजनाहरूलाई बजेट नछुट्याउने ।

१०. विकाससँग सम्बन्धित आयोजना छनौटदेखि अनुगमन / मूल्याङ्कन गर्ने सम्मका सबै चरणमा अनिवार्य रुपमा महिला, दलित, अपांगता भएका व्यक्ति एवं विपन्न वर्ग समेतका सेवाग्राही एवं लक्षित परिवारको सहभागिताको सुनिश्चितता कायम गरी तिनीहरुलाई प्रत्यक्ष लाभ पुग्ने गरी वातावरणमैत्री, सीपमूलक एवं रोजगारमूलक कार्यक्रमहरुको तर्जुमा गरी प्रभावकारी कार्यान्वयनको ब्यवस्था मिलाउने ।

११. नयाँ घोषणा गरिएका नगरपालिकाहरुको भौतिक तथा अन्य पूर्वाधार विकासलाई प्राथमिकता दिने ।

१२. विपद् जोखिम न्यूनीकरण सम्बन्धमा स्थानीय तहको बहु प्रकोप जोखिम लेखाजोखा गर्ने, वहु प्रकोप जोखिम संवेदनशील योजना तथा विपद्/ जलवायु जोखिम व्यवस्थापन योजना बनाउने र यस्ता योजनाहरूले निर्दिष्ट गरेका प्राथमिकताहरू स्थानीय विकास योजनामा मुल प्रवाहीकरण गर्न सबै सरोकारवालाहरूलाई परिचालन गर्ने ।

१३. विपद् जोखिम व्यवस्थापनका लागि विपद् पूर्वतयारी, विपद् न्यूनीकरण / अल्पीकरण, विपद् प्रतिकार्य तथा विपद् पुनर्लाभ / पुनर्निर्माण सम्बन्धी कार्यहरू पहिचान गरी स्थानीय तहको योजनाहरुमा समावेश गर्ने ।

१४. विपद् तथा जलवायुजन्य जोखिम न्यूनीकरण एवं वातावरण संरक्षणका लागि स्थानीय निकायको आन्तरिक श्रोतको निश्चित रकम विनियोजन गर्ने व्यवस्था मिलाउने र यस सम्बन्धी कार्यक्रमहरू स्थानीय योजना तर्जुमा प्रक्रियामा समावेश गराउने ।

१५. नयाँ आयोजना प्रस्ताव गर्दा अनुसूचि १ मा संलग्न फाराम भरी अनिवार्य रुपमा स्वीकृत भएको हुनुपर्ने । साथै, उक्त प्रस्तावमा आयोजनाको लागत, समयअवधि, लाभको परिमाण र गुणस्तर स्पष्ट भएको हुनुपर्ने । समय अवधि किटान नभएको आयोजनालाई प्रस्ताव नगर्ने ।

१६. भवन निर्माण सम्बन्धी कार्यक्रम बनाउँदा जग्गाको उपलब्धता नभई बजेट छुट्याउने कार्यलाई रोक्ने। जग्गा निश्चित नभई बजेट नछुट्याउने ।

## ख. आयोजनाको तर्जुमा एवम् छनौट सम्बन्धमा

१७. विकास आयोजनाहरुको छनौट गर्दा आयोजनाको सर्वेक्षण, ड्रईङ्ग, डिजाईन तथा लागत इस्टीमेट लगायत सम्पूर्ण योजना प्रकृया पुरा भएका आयोजनाहरू मात्र समावेश गर्ने ।

१८. आयोजनाहरु छनौट गर्दा गरिबी न्यूनीकरण, रोजगारी वृद्धि, वातावरण संरक्षण, विपद् तथा जलवायु जोखिम न्यूनीकरण, समावेशी विकासमा सहयोग पु-याउने, छोटो समयमा सम्पन्न भई बढी प्रतिफल दिने, कम लगानीबाट बढी जनसंख्यालाई लाभ पु-याउने तथा जनसहभागिता प्राप्त गर्न सकिने, रोजगारी वृद्धि हुने किसिमका आयोजनालाई प्राथमिकता दिने ।

१९. स्थानीय निकायको अगुवाईमा हुने सहभागितामूलक समावेशी वार्षिक योजना प्रक्रिया (चौध तहको योजना प्रक्रिया) बाट माग भै आउने आयोजना मध्ये जिल्लास्तरमा संबोधन गर्न नसकिने आयोजनाहरुलाई केन्द्रियस्तरमा समावेश गर्नुपर्ने भएमा सम्बन्धित मन्त्रालय मार्फत त्यस्ता मागहरूको व्यवस्थापन गर्ने ।

२०. आयोजना तर्जुमा गर्दा आफ्नो क्षेत्रको विकास निर्माण एवं सेवा प्रवाहसँग सम्बन्धित विषयमा विषयगत कार्यालयले अन्य सरकारी निकाय, स्थानीय निकाय, निजी क्षेत्र र नागरिक समाजसँग अन्तर्क्रिया एवं समन्वय गरी सूचना एकिकृत गराई सहभागितामूलक योजना तर्जुमा प्रक्रिया अपनाई अन्तिम रुप दिने ।

२१. पूर्वाधारतर्फ निर्माणाधीन अधुरा आयोजनालाई सम्पन्न गरी सञ्चालनमा ल्याउने कार्यक्रमलाई प्राथमिकता दिने ।

२२. विपद् जोखिम न्यूनिकरणसम्बन्धी योजना छनौट गर्दा जिल्ला दैवी प्रकोप उद्धार समितिसँग समन्वय गरी उक्त समितिले प्राथमिकिकरण गरेका कार्यक्रमहरुलाई समावेश गर्ने ।

२३. क्रमागत आयोजना / कार्यक्रमहरु भौतिक तथा वित्तीय प्रगतिको आधारमा छिटो सम्पन्न हुने गरी प्रस्ताव गर्ने । लामो समयदेखि वार्षिक विकास कार्यक्रममा समावेश भएका तर सम्पन्न हुन नसकेका कार्यक्रम / आयोजनाहरुको औचित्य हेरी आवश्यक देखिएमा मात्र कार्यक्रममा समावेश गर्ने ।

२४. जिल्ला खाद्य सुरक्षाका कार्यक्रम / आयोजना तर्जुमा गर्दा जिल्ला खाद्य सुरक्षा सञ्जालले तयार पारेको योजनालाई आधार बनाउने ।

**ग. आयोजनाको कार्यान्वयन सम्बन्धमा**

२५. जिल्लामा पुगेको स्रोतलाई न्यायोचित रुपमा जनता समक्ष पुर्‍याउन जिल्लास्थित सरकारी तथा गैर सरकारी निकायबाट लगानी हुने कार्यक्रम / आयोजनालाई स्रोतको कमी हुन नदिने र बिभिन्न विकास प्रदायक निकायहरुबाट हुने विकास कार्यलाई दोहोरिन नदिने व्यवस्था गरी स्रोतको व्यवस्थापन गर्ने ।

२६. आयोजना / कार्यक्रम तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन लगायतका कार्यलाई व्यवस्थित र प्रभावकारी बनाउन जिल्ला विकास समितिले वार्षिक कार्यतालिका बनाई लागू गर्ने र आयोजनाका प्रत्येक चरणमा अत्यधिक मात्रामा जनसहभागिता जुटाउने ।

२७. आयोजना / कार्यक्रमको सञ्चालनमा सहभागिताको मापदण्ड तयार गर्दा आयोजनाको प्रकृति, आयोजना स्थल, उपभोक्ताको क्षमता र केन्द्रीय निर्देशन तथा स्थानीय निकायले अवलम्बन गरेको नीतिको अधिनमा रही नगद, श्रम वा स्थानीय सामग्री समेतको योगदानको अनुपात

नेपाल सरकार
राष्ट्रिय योजना आयोगको सचिवालय
सिंहदरबार, काठमाडौं

निर्धारण गर्ने । यसरी सहभागिताको अंश निर्धारण गर्दा अति विपन्न परिवार तथा समुदायलाई विशेष सहुलियत दिने उद्देश्य राखी लागत सहभागिता व्यहोर्न नसकेको कारणबाट लक्षित समूहलाई वञ्चित नगरिने नीति अवलम्वन गर्ने ।

२८. स्थानीय निकायबाट सञ्चालन गरिने पूर्वाधार विकास (सडक, खानेपानी, विद्युत, प्रकोप नियन्त्रण आदि) का कार्यक्रमहरु आयोजना / कार्यक्रम गर्नुपूर्व अनिवार्य रुपमा सम्भाव्यता अध्ययन गरेको हुनुपर्ने र यस्ता आयोजना / कार्यक्रम सञ्चालन गर्दा श्रममूलक तथा वातावरणमैत्री प्रविधि अपनाउने, तर श्रम जुट्न नसक्ने आयोजनामा मेसिनरी वा यन्त्रको प्रयोग गर्नु पर्दा लागत अनुमान पनि सोही अनुसारको बनाई काम गराउने ।

२९. वार्षिक योजना तथा कार्यक्रम तयार गर्दा प्रत्येक निर्वाचन क्षेत्रमा निर्वाचन क्षेत्र विकास कार्यक्रम अन्तर्गत विनियोजित रकमको सीमाभित्र रही भौतिक पूर्वाधार निर्माण कार्यको सुनिश्चितता कायम गर्न सहयोग गर्ने गरी व्यवस्थापिका संसदका माननीय सदस्यहरुले छनौट गर्नु हुने पूर्वाधार आयोजनाहरु जनसहभागिताका आधारमा सञ्चालन गरिने प्रत्येक निर्वाचन क्षेत्र विकास कार्यक्रम समेतलाई योजना प्रकृयामा ल्याउने प्रयोजनका लागि सम्वन्धि क्षेत्रका व्यवस्थापिका–संसदका माननीय सदस्यहरुसँग समन्वय गरी यसमा समावेश गर्ने व्यवस्था मिलाउने ।

३०. जनसहभागितामा आधारित कार्यक्रम लगायत निर्वाचन क्षेत्र पूर्वाधार विकास कार्यक्रमबाट योजना तर्जुमा गरी माग गर्ने आयोजनाहरूको सूची र लागत सहित तत् सम्बन्धी निर्देशिका र जि.वि.स. योजना पुस्तिकामा रहेको क्रमागत सूचीहरूलाई मध्यनजर गरी कार्यान्वयन हुने व्यवस्था मिलाउने ।

## घ. अनुगमन मूल्याङ्कन सम्बन्धमा

३१. एकीकृत योजना तर्जुमा गर्दा प्रभाव, असर तथा प्रतिफल तहका नतिजालाई समेत स्पष्ट रुपमा परिभाषित गरी नतिजा खाका तयार गर्ने ।

३२. अनुगमन तथा मूल्याङ्कन सम्वन्धी खाका तयार गरी कार्यान्वयनका प्रत्येक चरणमा उक्त खाकालाई अनुशरण गरी कार्यान्वयनलाई सफल बनाउने गरी कार्यक्रम तर्जुमा गर्ने ।

## ङ. अन्तरसम्बन्धित विषयहरु (Cross Cutting Issues)

३३. गरिबी न्यूनीकरण, सुशासन, विपद् व्यवस्थापन, Sendai DRR Framework, PDNA Framework, जलवायुजन्य जोखिम न्यूनीकरण, अपांगमैत्री वा वालमैत्री स्थानीय शासन, पोषण सुधार, लैङ्गिक उत्तरदायी बजेट विनियोजन, जनताको नजिकमा सेवा सुविधा, दिगो, गुणस्तरीय र वातावरणमैत्री स्थानीय पूर्वाधारको विकास र स्थानीय शासन, आर्थिक अवसरमा बृद्धि एबम् त्यसमा जनताको सहज पहुँच, सामाजिक सुरक्षा, समावेशीकरण र सशक्तीकरण जस्ता विषयलाई उच्च प्राथमिकतामा राखी वार्षिक कार्यक्रम तर्जुमा गर्ने ।

नेपाल सरकार
राष्ट्रिय योजना आयोगको सचिवालय
सिंहदरबार, काठमाडौं

## अनुसूची १

## जिल्ला स्तरीय विकास आयोजना प्रस्ताव गर्ने फाराम

**खण्ड कः आयोजनाका आधारभूत विवरण**

१. आयोजनाको नामः

२. आयोजनाको लक्ष्यः

३. आयोजनाको उद्देश्यः

४. आयोजना कार्यान्वयन हुने क्षेत्र र छनोट गर्दा अपनाइएका आधारहरू

(क) कार्यान्वयन क्षेत्रः जिल्लाः निर्वाचन क्षेत्रः न.पा./गा.वि.स.:

(ख) छनौटका आधारहरूः

५. आयोजनाको कुल लागतः

६. दातृ संस्थाः

७. आयोजनाको अवधि (प्रस्तावित जम्मा वर्ष)

(क) सुरु हुने मितिः (ख) सम्पन्न हुने मितिः

८. आयोजनाका प्रमुख क्रियाकलापहरूः

९. आयोजनाको किसिमः

सेवा प्रधान अनुसन्धान प्रधान उत्पादन प्रधान
निर्माण प्रधान सुशासन प्रधान

१०. आयोजनाको लक्षित प्रतिफल / उपलब्धिः

११. आयोजना कार्यान्वयन गर्ने निकायः

३४. सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत राज्यले सुविधा उपलब्ध गराउने लक्षित समूहको लगत अद्यावधिक गरी राख्ने । यस्तो रकमको भुक्तानी बैङ्किङ प्रणालीमार्फत गर्ने व्यवस्थालाई थप विस्तार गर्ने ।

३५. विपद् र जलवायुजन्य जोखिम व्यवस्थापनलाई प्राथमिकता दिने समूह, क्लब, विद्यालय, उपभोक्ता समिति र गा.वि.स.लाई तहगत रुपमा दिइने अनुदानमा १० प्रतिशत थप गरी प्रोत्साहित गर्ने व्यवस्था मिलाउने । यसका लागि जिल्ला विकास समितिले नागरिक वडा मञ्च, गा.वि.स. वा नगरपालिका परामर्श समिति वा विपद् व्यवस्थापन समितिलाई अभिमुखीकरण गर्ने ।

३६. सम्पन्न भईसकेका भौतिक संरचनाहरुको दिगोपनालाई ध्यान दिई निरन्तर सञ्चालन हुन सक्ने अवस्थामा राख्नको लागि आवश्यक मर्मत सम्भार बजेटको व्यवस्था गर्ने ।

३७. स्थानीय निकायले अन्य संघ संस्थासँग सहकार्य गरी संयुक्त लगानीमा सञ्चालन गर्ने कार्यक्रम / आयोजनाहरुका लागि सम्झौता बमोजिमको आवश्यक पर्ने साझेदारी वा लागत सहभागिता रकम समपूरक कोष (Matching Fund) मा आवश्यक रकम छुटयाउने ।

**खण्ड खः आयोजनाको वित्तीय/आर्थिक पक्ष**

राष्ट्रिय योजना आयोगको सचिवालय नेपाल सरकार सिंहदरबार, काठमाडौं

१२. आयोजनाको लागत ब्यहोर्ने स्रोत विवरणः (रु. हजारमा)

| विवरण | रकम | विवरण | रकम |
|---|---|---|---|
| **आन्तरिक स्रोत** | | **वैदेशिक स्रोत** | |
| नेपाल सरकार | | ऋण | |
| स्थानीय निकाय/संस्था | | अनुदान | |
| जनसहभागिता | | प्राविधिक सहायता | |
| **जम्मा** | | **जम्मा** | |

१३. आयोजनाको कूल रकमको वार्षिक बाँडफाँड (रु. हजारमा)

| पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष |
|---|---|---|---|---|
| | | | | |

१४. आयोजनाको सम्भाव्यता अध्ययनः

(क) आर्थिक प्राविधिक सम्भाव्यता अध्ययन भएको छ, छैन? नभएको भए हुन नपर्ने कारणः

(ख) आर्थिक प्राविधिक सम्भाव्यता अध्ययन भएको वर्षः

(ग) आर्थिक प्राविधिक सम्भाव्यता अध्ययनको निष्कर्षः

१५. आयोजनाको आर्थिक तथा वित्तीय विश्लेषणः

- खुद वर्तमान मूल्य (Net Present Value – NPV)
- लागत प्रभावकारिता अध्ययन (Cost Effectiveness Analysis)

१६. वातावरणीय प्रभाव मूल्याङ्कनको सङ्क्षिप्त विवरण (नभएको भए कारण उल्लेख गर्ने)

१७. आयोजनाको कार्यान्वयनबाट हुने लाभ र लाभको प्रकृतिः

(क) लाभान्वित हुने कूल जनसङ्ख्याः

नेपाल सरकार
राष्ट्रिय योजना आयोगको सचिवालय
सिंहदरबार, काठमाडौं

| | | | | | |
|---|---|---|---|---|---|
| कुल जनसङ्ख्याः | | महिलाः | | बालबालिकाः | |
| आदिवासी जनजातिः | | दलितः | | मुस्लिमः | |
| मधेशीः | | | | अन्य भए खुलाउनेः | |

**खण्ड गः प्रशासनिक तथा व्यवस्थापकीय विवरण**

१८. (क) आयोजनाको अनुगमन तथा मूल्याङ्कन गर्ने संस्थागत व्यवस्थाः

(ख) आयोजनाको प्रतिफल र प्रभाव हेर्ने सूचक विवरणः

१९. आयोजनाको दिगोपना र सम्पन्न भएपछि सञ्चालन (Exit / Mainstreaming Strategy) सम्बन्धी व्यवस्थाः